भानु नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
फुङ्मेटार, तनहुँ



**शिलबन्दी बोलपत्रद्वारा काठ/दाउरा लिलाम विक्रीको सूचना !**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०१/२९**

तनहुँ जिल्ला भानु नगरपालिका वडा नं. १० अन्तरगत डम्बर कुमारी खड्का र मीना कुमारी सापकोटाको घर नजिकको जोखिमयुक्त आँपको रुख कटान गरी वन (तेस्रो संशोधन) नियमावली, २०८२ को नियम ३६ को जोखिमयुक्त रुखको व्यवस्थापन बमोजिम प्राप्त भएको तपसिलको विवरणमा उल्लेख भएको काठ दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक वन पैदावारको कारोवार गर्न योग्य व्यक्ति/संघ/संस्था/फर्म वा कम्पनीले तपसिलमा उल्लेखित मिति भित्र शिलबन्दी बोलपत्र खरिद तथा दाखिला गर्न यो सूचना आव्हान गरिन्छ।

तपसिलः

१. काठ दाउराको विवरणः

| क्र.सं. | स्रोत | जात | ग्रेड | किसिम | थान | प्रकार | परिमाण | गोलियामा लैजादा क्यु.फि. | दर | न्यूनतम मूल्य | संकलन खर्च मूल्य रु. | घाट गद्दी स्थान | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | भानु न.पा. वडा नं. १० अन्तरगत डम्बर कुमारी खड्का र मीना कुमारी सापकोटाको घर नजिकको जोखिमयुक्त रुखको व्यवस्थापन अनुसार कटान भई प्राप्त | आँप | N | गोलिया | १२ | गोलिया | १३१.७१ क्यु.फि. | १३१.७१ | २०० | २७,७४२/-(मू.अ.कर बाहेक) | २५,०००/-(मू.अ.कर बाहेक) | भानु न.पा. वडा नं. १० | |
| | | | | २०'x५'x५' नापसाईजको आँप दाउरा | | | ०.३५ चट्टा | - | ४००० | | | | |

२. बोलपत्र फारम खरिद गर्नुपर्ने अन्तिम दिन मिति २०८३/०२/१२ कार्यालय समय भित्र, स्थान भानु न.पा. राजस्व उपशाखा

३. बोलपत्र फारम दाखिला गर्नुपर्ने अन्तिम दिन मिति २०८३/०२/१३ गते दिनको १२ बजे भित्र, स्थाना भानु न.पा.

४. बोलपत्र फारम दस्तुर रु. १,०००/-(एक हजार रुपैयाँ)(पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको राजस्व उपशाखा बाट खरिद गर्न सकिनेछ।

५. बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस कार्यालयको ग्लोबल आईएमई बैंक लि. डुम्रे शाखामा रहेको धरौटी खाता ग ३ भानु खाता नं. ११९०४०१०००००४ मा नगद जम्मा गरेको

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

सक्कल भौचर समावेश हुनु पर्नेछ वा बैंक जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट कम्तिमा १८० (एक सय असी) दिन सम्मको लागि म्याद भएको हुनु पर्नेछ।

६. लिलाममा राखिएको वन पैदावार सम्बन्धित घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ।

७. लिलाममा भाग लिन ईच्छुक स:मिल तथा फर्निचर उद्योगले आधिकारीक प्रतिनिधिको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, करदाता प्रमाणपत्रको प्रतिलिपी र मुल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नं. (PAN) दर्ताको प्रमाणपत्रको प्रतिलिपी, दर्ताको प्रमाणपत्र, वन पैदावारको डिभिजन वन कार्यालयमा सूचीकृत भएको कागजात बोलपत्रसाथ पेश गर्नुपर्नेछ। व्यक्तिको हकमा (PAN र नेपाली नागरिकता प्रमाणपत्र प्रतिलिपी)

८. रीतपूर्वक पर्न आएका शिलबन्दी बोलपत्रहरु मिति २०८३/०२/१३ गते दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ।

९. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १५ दिनभित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिवृद्धिकर तथा कटानमुछान खर्च समेत बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

१०. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

११. बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने र बोलपत्र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु सोको भोलिपल्ट कार्यालय खुलेको दिनमा हुनेछ।

१२. यस कार्यालयबाट विक्री नभएको, म्याद भित्र दाखिला नभएको वा रित नपुगी पेश भएका बोलपत्र उपर कुनै कारवाही हुनेछैन।

१३. बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार प्राप्त अधिकारीमा निहित रहनेछ।

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत